आ.व. ०७६।०७७

बैठक:- नगर कार्यपालिका बैठक

अध्यक्षता:- नगर प्रमुख अशोक कुमार शाही

बैठक संख्या:-०१/०७६/०७७

मिति:-२०७६।४।१२

स्थान:- ता.न.पा सभाहल

समय:- विहान ७.३० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णय गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे | (प्रवक्ता) वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुत्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री गोपाल प्रसाद बगाले | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

Scanned by CamScanner

१। यस तानसेन नगरपालिकालाई विशिष्ट सांस्कृतिक पहिचान दिने एवं नयां धार्मिक पर्यटकीय गन्तब्यको रुपमा प्रस्तावित नगर गौरवका योजना अन्तरगत श्रीनगर डांडामा स्थापना गरिने बिग बुद्ध परियोजनाको लागि प्राप्त TOR मा (Soil Test समेत समावेश गरी स्वीकृत गर्ने साथै तानसेन नगरपालिकाको दीगो यातायात व्यवस्थापनमा अत्याश्वक पूर्वाधारको रुपमा लिइएको नगर गौरवको योजना अन्तरगतको वनदेवी बसपार्कको निर्माण तथा संचालनको लागि परामर्शदाताद्धारा विस्तृत परियोजना प्रतिबेदन (DPR) तयारी गर्न तत्काल प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

२। निर्णय नं. १ बमोजिम बिग बुद्ध परियोजनालाई निर्धारित समय भित्र सम्पन्न गर्न साथै निर्माणका दौरानमा आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन तथा रेखदेख गर्न एवं नागरिक(उपभोक्ता) र विभिन्न सरोकारवाला निकायबिच आवश्यकता अनुसार समन्वय, सहयोग, परामर्श र सहजिकरण गर्न देहाय बमोजिमको सहयोग समिति गठन गर्ने निर्णय गरियो ।

- श्री महेशलाल शाक्य वडा अध्यक्ष, ता.न.पा. ३ — संयोजक
- श्री रामप्रसाद बस्याल, वडा अध्यक्ष, ता.न.पा. १ — सदस्य
- श्री राजेन्द्रमुनी शाक्य, वडा अध्यक्ष, ता.न.पा. ४ — सदस्य
- श्री रामबहादुर रावल, वडा अध्यक्ष, ता.न.पा. ५ — सदस्य
- श्री सागरमान महर्जन, वडा अध्यक्ष, ता.न.पा. ६ — सदस्य

३। तानसेन नगरपालिकामा संचालन भएको स्वरोजगार कार्यक्रमहरुलाई थप प्रभावकारी र जन सहभागितामूलक बनाउन एवं कार्यक्रमलाई लक्षित समुदायको घरदैलो सम्म पहुंच बढाउनका लागि विशेष अभियान संचालन गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

- श्री दामोदरप्रसाद घिमिरे वडा अध्यक्ष, ता.न.पा. ११ — संयोजक
- श्री बरुणप्रसाद शर्मा वडा अध्यक्ष, ता.न.पा. २ — सदस्य
- श्री रामबहादुर रावल वडा अध्यक्ष, ता.न.पा. ५ — सदस्य
- श्री टुकप्रसाद भट्टराई वडा अध्यक्ष, ता.न.पा. १३ — सदस्य
- श्री कमल राना वडा अध्यक्ष, ता.न.पा. १४ — सदस्य
- श्री बुद्धीसरा सुनार कार्यपालिका सदस्य — सदस्य

४। यस कार्यालयमा इन्जिनीयर पदमा कार्यरत भई २०७५ देखि सेवानिवृत्त हुनु भएका श्री मनोहरलाल शाक्यलाई निजको पेश्की फर्स्यौट नभएकोले हालसम्म पनि निजले प्राप्त गर्ने उपदान भुक्तान नभएकोले निजलाई पाचौं नगरसभाको निर्णय अनुसार पेश्की फर्स्यौट गरी बांकी रकम भुक्तान गर्ने निर्णय गरियो

Scanned by CamScanner

५। राष्ट्रसंघीय विकास कार्यक्रम नेपाल र तानसेन नगरपालिका बिचको सहकार्यमा दीगो विकास लक्ष्य स्थानीयकरण परियोजना अन्तरगत "उद्यम विकासका लागि युवा" कार्यक्रम संचालन गर्न ता.न.पा.को रोहबरमा UNDP नेपाल, र छनौट भएको सेवा प्रदायक संस्था ग्रामीण आर्थिक विकास संघ (रेडा) बिच गत मिति २०७६ असार २० गते पोखरामा भएको सम्झौता अनुरुप July २०१९ देखि March २०२० सम्मका लागि तोकिएको सबै कार्यक्रमहरु निर्दिष्ट समय भित्र सम्पन्न गर्न आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

६। यस तानसेन नगरपालिकामा श्रावण, २०७६ भित्रै युवा स्वरोजगार सहयोग केन्द्र (Enterprise Development, Business Incubation and Innovation Center – EBIIC) स्थापना गर्ने निर्णय गरियो र सो केन्द्रलाई सुचारु रुपमा संचालन गर्न आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोगका लागि राष्ट्रसंघीय विकास कार्यक्रम नेपाल लगायतका निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

७। निर्णय नं. ६ बमोजिम स्थापना हुने युवा स्वरोजगार सहयोग केन्द्रबाट उद्यम विकासका लागि प्रदान गरिने विभिन्न सेवा तथा परामर्शका लागि सम्बन्धित क्षेत्रमा सफल अनुभव र विज्ञता भएका व्यक्तिहरुलाई समावेश गरी भविश्यमा आवश्यकता अनुसार अद्यावधिक गर्ने गरी हाललाई देहाय बमोजिमको उत्प्रेरक अभिलेख (Mentor Roster) खडा गर्ने निर्णय गरियो ।

(ढाका तर्फ)

- श्री पूर्णमाया महर्जन ता.न.पा. ६ — संयोजक
- श्री मनोज पौडयाल ता.न.पा. ४ — सदस्य
- श्री हरिकृष्ण कार्की ता.न.पा. १ — सदस्य
- श्री हरि रायमाझी ता.न.पा. ४ — सदस्य
- श्री दुर्गाबहादुर सारु ता.न.पा. ८ — सदस्य
- श्री गंगाराम नेपाल, ता.न.पा. ७ — सदस्य

(कृषि तर्फ)

- श्री महेश पन्त ता.न.पा ७ — संयोजक
- श्री ध्रुब भण्डारी ता.न.पा. ९ — सदस्य
- श्री केशव कार्की ता.न.पा. ८ — सदस्य
- श्री तेजबहादुर भण्डारी ता.न.पा. ८ — सदस्य

(पशुपालन तर्फ)

- श्री पवित्रा गैरे ता.न.पा. १४ — संयोजक
- श्री दुर्गाबहादुर खांण ठकुरी ता.न.पा. ८ — सदस्य
- श्री रुकवीर रेश्मी ता.न.पा. १३ — सदस्य
- श्री सुमा बन्जाडे ता.न.पा. ९ — सदस्य

Scanned by CamScanner

(ब्यापार तर्फ)

- श्री मोहनप्रसाद श्रेष्ठ अध्यक्ष पाल्पा उ.वा.संघ — संयोजक
- श्री चिरन्जिवी पोखरेल अध्यक्ष पाल्पा ब्यापार संघ — सदस्य
- श्री नारायण पाण्डे ता.न.पा. ७ — सदस्य

(पर्यटन तर्फ)

- श्री मनमोहन श्रेष्ठ ता.न.पा. ३ — संयोजक
- श्री राजु महर्जन ता.न.पा. ६ — सदस्य
- श्री साबित्रा भुसाल ता.न.पा. ५ — सदस्य
- श्री धनीश्वर बस्याल ता.न.पा. ३ — सदस्य
- श्री लक्ष्मण बस्याल ता.न.पा. ३ — सदस्य
- श्री बौघागुम्हा होमस्टे समुह संयोजक, ता.न.पा. १३ — सदस्य(पदेन)

८। (क) यस ता.न.पा.संग दौत्य सम्बन्ध कायम भएको मित्रराष्ट्र चिनको सिचुवान प्रान्त स्थित लसान नगरपालिकाको निमन्त्रणा बमोजिम यही मिति सेप्टेम्बर ६ २०१९ देखि सेप्टेम्बर ९ २०१९ सम्म हुने सिचुवान अन्तर्राष्ट्रिय पर्यटन मेला सरिक हुन यस तानसेन नगरपालिकाको तर्फ देखि निम्नानुसारको प्रतिनिधि मण्डललाई सहभागी गराउने निर्णय गरियो ।

- श्री अशोककुमार शाही नगरप्रमुख टोली नेता
- डा. सागर न्यौपाने (चिनियां भाषा विज्ञ)
- श्री कमल राना वडा अध्यक्ष ता.न.पा. १४
- श्री शशी श्रेष्ठ, कार्यपालिका सदस्य
- श्रीमती सुमित्रा शाही, ता.न.पा. २
- श्री दिवाकर अर्याल, लेखा अधिकृत

(ख) टोलीको सदस्य मध्ये नगर प्रमुखको धर्मपत्नी श्रीमती सुमित्रा शाहीलाई सम्पूर्ण खर्च आर्फैले भुक्तान गर्ने गरी भ्रमण टोलीमा समावेश गराउने निर्णय गरियो ।

९। यस तानसेन नगरपालिकाबाट वन-वातावरण कृषि तथा पशु क्षेत्रमा सम्पादन हुने कामहरुलाई अझ व्यवस्थित र प्रभावकारी ढंगबाट सेवाप्रवाह गर्न ता.न.पा. तथा सम्बन्धित विषयगत शाखाहरुलाई सल्लाहसुझाव र परामर्श दिन देहाय अनुसारको सल्लाहकार समिति गठन गर्ने निर्णय गरियो ।

१. श्री रामकृष्ण कार्की ता.न.पा. १ — संयोजक
२. श्री रामप्रसाद पोखरेल ता.न.पा. ७ — सदस्य
३. श्री ओमप्रकाश श्रेष्ठ ता.न.पा. ८ — सदस्य

Scanned by CamScanner

१०।नेपाल बैंक लिमिटेड पाल्पा शाखाले यस तानसेन नगर कार्यपालिकाको कार्यालय परिसरमा Extension Counter खोल्न अनुमती माग गरेकोले उक्त बैंकलाई Extension Counter खोल्न (सशर्त) अनुमती दिने निर्णय गरियो ।

११।वीर नेपालीहरुको स्वाभिमान र नेपाली सेनाहरुको वीरगाथा जोडिएको तानसेनको पहिचान रुपमा सदियौं देखि मनाउदै आइएको श्री रणउजीरेश्वर भगवती जात्राको सन्दर्भ पारेर "लुम्बिनी भ्रमण वर्ष २०७६" र "जाउं हैं तानसेन" जस्ता पर्यटन प्रवर्द्धनात्मक अभियानलाई सफल पार्न २०७६ श्रावण/भाद्र महिनामा पर्यटन गोष्ठी तथा नौमती बाजा प्रतियोगिता आयोजना गर्न हाललाई नौमती बाजा प्रतियोगितालाई रु २ लाख ८० हजार र बिचार गोष्ठी संचालनका लागि रु १ लाख १० हजार रकम प्रवर्द्धन कार्यक्रमबाट बिनियोजन गर्ने निर्णय गरियो ।

१२।विगत केही दिनको अविरल वर्षाका कारण यस तानसेन नगरपालिकाका बिभिन्न क्षेत्रहरुका निजी तथा सार्वजनिक भौतिक संरचनाहरुलाई क्षती पुर्‍याएको पाइएकोले पिडित व्यक्ति तथा संस्थाहरुलाई तत्काल राहत प्रदान गर्न वन-वातावरण तथा बिपद् व्यवस्थापन समितिको सिफारिस, सम्बन्धित वडाको वडा अध्यक्षको राय एवं प्राविधिकको स्थलगत अध्ययन प्रतिवेदनको आधारमा राहत प्रदान गर्ने अधिकार नगर कार्यपालिकाको कार्यालयलाई दिने निर्णय गरियो ।

१३।प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत नियुक्त कामदारहरुले दैनिक ८ घण्टा काम गरेबापत निजहरुलाई जिल्ला दररेट अनुसार प्रदान गरिएको ज्याला रु.२९६८००।००लाई अनुमोदन गर्ने निर्णय गरियो ।

१४। गत आ.व. २०७५।०७६ मा उपभोक्ता समिति मार्फत संचालन भएका देहायका योजनाहरुमा उपभोक्ताको तर्फबाट लागत सहभागिता २० प्रतिशत हुने कानून व्यवस्था बमोजिम सम्झौता भई कार्य प्रारम्भ भएको उक्त योजनाबाट प्रत्यक्ष लाभ(उपभोग) लिने समुदाय निस्चित नभएकोले सम्झौता बमोजिम उपभोक्ताहरुबाट सजिलै लागत सहभागिता उठाउन नसकिएको पाइएको र तुलनात्मक रुपमा उपभोक्ता समितिबाट सम्पादन भएका निम्न योजनाहरु अन्य योजनाहरु भन्दा विशिष्ट प्रकृतिको योजना भएकाले लागत सहभागिता छुट गर्न उपयुक्त हुने वा नहुने सम्बन्धमा प्राबिधिक टोली गठन गरी स्थलगत अध्ययन गराई आगामी कार्यपालिका बैठकमा पेश हुने प्रतिबेदनको आधारमा आवश्यक निर्णय गर्ने निर्णय गरीयो ।

१। टुडीखेल मैदान स्तरोन्नती, ता.न.पा. ६
२। होलागंदी बसपार्क बतासे ढुंगाखानी टक्सार अपुभिलेज सडकखण्ड र बतासे ढुंगाखानी सडकखण्डको सडक स्तरोन्नती
३। चण्डीभन्ज्याङ्ग बौघा छेर्लुगं सडक खण्ड
४। दमकडा खेल मैदान
५। दमकडा न्यानो शितल घर
६। गुफाचौर सेड निर्माण

Scanned by CamScanner

७। वडा कार्यालय भवन मरम्मत, ता.न.पा. १०
८। प्रस्तावित बनदेवी वसपार्क देखि लक्ष्मी मा.वि.को सडक स्तरोन्नती
९। सेन्ट कापितानियो स्कुल माथि श्रीनगर भ्यु प्वाइन्ट जाने बाटो स्तरोन्नी( पदमार्ग निर्माण)
१०। लायन्स धर्मशालादेखि सेन्ट कपितानियो स्कुलसम्मको सडकखण्डको स्तरोन्नती(मोड सुधार)

Scanned by CamScanner